**दरखास्त संकलन गर्ने कार्यालयका लागि निर्देशन :**

- दरखास्त फाराम आयोगको website www.tsc.gov.np बाट Download गर्न सकिने छ ।
- दरखास्तसाथ संलग्न गर्नुपर्ने प्रमाणपत्रका फोटोकपीहरु उम्मेदवार स्वयंले प्रमाणित गरेको हुनु पर्नेछ । पंजिका बमोजिमका संलग्न फोटोकपीहरु सक्कल प्रमाणपत्रसँग रुजु गरी रितपूर्वकको भएमा दरखास्त स्वीकृत गरी रोल नम्बर सहितको प्रवेश पत्र उम्मेदवारलाई दिनु पर्नेछ ।
- दरखास्त संकलन गर्ने कार्यालयका लागि देहाय बमोजिमको कोड नम्बर कायम गरिएको छ ।

| दरखास्त संकलन केन्द्रको नाम | कोड नं. |
| --- | --- |
| जिल्ला शिक्षा कार्यालय, झापा | ७८ |
| जिल्ला शिक्षा कार्यालय, काठमाण्डौं | ७९ |
| जिल्ला शिक्षा कार्यालय, कास्की | ८० |
| जिल्ला शिक्षा कार्यालय, बाँके | ८१ |
| जिल्ला शिक्षा कार्यालय, कंचनपुर | ८२ |

- दरखास्त संकलन गर्ने कार्यालयहरुले उम्मेदवारको रोल नम्बर **आठ अङ्क**को कायम गर्नु पर्नेछ । उक्त रो.नं. कायम गर्दा क्रमश : दुई अङ्कको विज्ञापन नम्बर, दुई अङ्कको दरखास्त संकलन केन्द्रको कोड र चार अङ्कको उम्मेदवारको रो.नं. कायम गर्नु पर्नेछ । जस्तै जिल्ला शिक्षा कार्यालय, झापा केन्द्रको लागि पहिलो रो नं. ३१७८०००१ हुनेछ । यहाँ ३१ भन्नाले विज्ञापन नम्बर, ७८ भन्नाले दरखास्त संकलन केन्द्र कोड र ०००१ ले उम्मेदवारको रो.नं. जनाउँदछ ।
- दरखास्त संकलन केन्द्रहरुले उम्मेदवारको विवरण देहायको ढाँचामा Excel फाइलमा Unicode मा Entry गरी Hardcopy र Electronic copy दरखास्त बुझाउने म्याद समाप्त भएको मितिले ७ दिनभित्र आयोगलाई उपलव्ध गराउनु पर्नेछ ।

तपसिल

| क्र. सं. | रोल नम्बर | उम्मेदवारको नाम, थर | जन्म मिति | स्थायी ठेगाना | नागरिकता नं. र जारी भएको जिल्ला | शैक्षिक योग्यता | बुवाको नाम, थर | कैफियत |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| १ | | | | | | | | |
| | | | | | | | | |

- दरखास्त सङ्कलन गर्ने कार्यालयहरुले यसैलाई आधार मानी दरखास्त सङ्कलन, स्वीकृत, प्रवेशपत्र वितरण गरी दरखास्त फाराम र आवश्यक कागजातहरु आयोगमा समयमै सम्प्रेषण गर्नुहुन अनुरोध छ ।